परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १२ ❑ अंक १० २०८० असोज १४ गते आईतवार Sunday 1, OCT 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरूमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

## स्वास्थ्य चौकी र बर्थिङ सेन्टरको बेहाल, औषधी समेतको अभाव, प्रसुति सेवा लिने न्यून

विराटनगर । मोरंगको धनपालथान गाउँपालिका वडा नं. ४ कर्सिया बजारमा रहको स्वास्थ्य चौकी कर्सिया र सोही भवनमा संचालनमा रहेको बर्थिङ सेन्टरको बेहाल अवस्था रहेका कारण स्वास्थ्य सेवा र प्रसुति सेवा लिनेहरुको सख्या न्यून रहको छ ।

स्वास्थ्य चौकी कर्सियामा समय अवधि सकिन लागेको औषधी राखेको, आम जनताले उपचार गर्न आउँदा औषधी नपाएको र बर्थिङ सेन्टर २४ सै घण्टा स्वास्थ्य कर्मी नरहेको गुनासो आएपछि केही पत्रकार साथी सहित पुग्दा कार्यालय प्रमुख राम नारायण यादव बसेकै अध्यारो कोठामा औषधीहरु समेत स्टोर गरेर राखेको थियो । स्टोरमा राखेको औषधी हेर्दा एउटा औषधीको समय अवधि सकेको औषधी समेत राखेका भेटियो ।

प्रसुति गराउने कोठा, ओपीडी कोठा र औषधी वितरण गर्ने कोठाहरु समेत अव्यवस्थित रहनुका साथै औषधी वितरण गर्ने कोठा छोडरे स्वास्थ्य चौकी भवनको मुल गेटमा टेबुल लगाएर औषधी वितरण गरी रहेको अवस्था रहको छ । स्वास्थ्य चौकी र बर्थिङ सेन्टर आफै बिरामी भएको अवस्था र वेतिथीकै कारण आम नागरिक उपचार गर्न नआएको स्रोतको दावी छ ।

बर्थिङ सेन्टरमा चौवीसै घण्टा प्रसुति सेवा दिनुपर्नेमा कार्यालय समयमा मात्र स्वास्थ्य कर्मी बसेको र अनकल डिउटी गरी रहेको अनमी पार्वती साहले वताए । प्रसुति सेवा २०७९/०८० मा जम्मा २४ जना र २०८०/८१ मा जम्मा ३ जनालाई सेवा प्रदान गरको तथ्यांक छ । तथ्यांक बाट प्रष्ट हुन्छ कि स्वास्थ्य चौकी र बर्थिङ सेन्टरको व्यवस्थापन, स्वास्थ्य कर्मी, स्वास्थ्य शाखा प्रमुख र

बांकी अन्तिम पेजमा...



स्वास्थ्य चौकीको कोठाहरु अव्यवस्थित राखेर भवनको मूल गेटवाट स्वास्थ्य सेवा दिदै ।

## एम्बुलेन्समा गाँजा तस्करी

विराटनगर । विरामी बोक्ने एम्बुलेन्समा लागुऔषध गाँजा तस्करी गरको आरोपमा प्रहरीले एकजनालाई पक्राउ गरको छ ।

मोरङ विराटनगर महानगर पालिका-१८ लाभाघाट स्थितमा गाँजा बोकेको एम्बुलेन्स सहित चालकलाई मंगलवार राती प्रहरीले पक्राउ गरेको हो ।

इलाका प्रहरी कार्यालय बुधनगरबाट खटिएको प्रहरी टोलिले चेक जाँचको क्रममा को१ च ४६१९ को एम्बुलेन्सको डिकीमा लुकाई छिपाई ल्याएको २१.५ किलोग्राम लागुऔषध गाँजा र नेपाली रुपैया ४० हजार बरामद गरेको थियो ।

लागऔषध गाँजा बरामद भए संगै राजन अधिकारी फाउण्डेसन धरान द्वारा संचालित उक्त नम्बरको एम्बुलेन्स र चालक धरान-११ का ३८ बर्षीय गंगा सरकार र सोही स्थानमा रहेको बीआर ३८ एफ ०३३६ नम्बरको मोटरसाईकल सहित प्रहरीले नियन्त्रणमा लिएको हो ।

त्यसैगरी विशेष सुचनाका

बांकी अन्तिम पेजमा...


## फुलपातीसम्म खानाको प्रदर्शनी

विराटनगर । विभिन्न जात-जातिहरुको खानाको प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रम दशै कार्निभल २०८० फुड फेस्टिबल अर्थात दशै स्ट्रीट फेस्टिबल घटस्थापना देखि फूलपाती संचालन हुने भएको छ ।

विराटनगरको मुटु महेन्द्र चौक देखि ट्राफिक चौक सम्मको बाटोमा असोज २८ गते देखि कार्तिक ४ गते सम्म हुने दशै स्ट्रीट फेस्टिबलमा दर्जनौ जातजातिका खानाको प्रकार र राष्ट्रिय तथा स्थानीय

बांकी अन्तिम पेजमा...

## कोशी प्रदेश अध्यक्षमा ढकाल र खतिवडाको उम्मेदवारी



विनोद ढकाल घनश्याम खतिवडा

विराटनगर । नेकपा एमाले कोशी प्रदेश कमिटीको प्रथम प्रदेश अधिवेशनमा अध्यक्ष पदको लागि मोरडका नेताहरु विनोद ढकाल र घनश्याम खतिवडाले उम्मेदवारी दर्ता गराएका छन् । नेतृत्वले सहमतिको प्रयास गरेपनि दुबै नेताहरु पछि नहटेपछि निर्वाचनबाटै अध्यक्ष छिनोफानो हुने अवस्था बनेको हो ।

अध्यक्ष पदका लागि खतिवडा र ढकालको उम्मेदवारी दर्ता भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । ढकालको प्रस्तावकमा मुकेश बुढाथोकी र समर्थकमा महेश भट्टराई रहेका छन् । यस्तै खतिवडाको प्रस्तावकमा रामप्रसाद दंगाल र समर्थकमा छत्रपति प्याकुरेल छन् ।

अन्य पदका लागि उम्मेदवार हरुले मनोनयन दर्ता गरिरहेका छन् । उम्मेदवारी दर्ता भइसकेपछि उम्मेदवारहरुको नामावली प्रकाशन गर्ने गरेका छन् ।

बांकी अन्तिम पेजमा...

## कृषि ज्ञान केन्द्रको वार्षिक बजेट सार्वजनिक

विराटनगर । कृषि ज्ञान केन्द्र मोरंगले जिल्ला समन्वय समिति मोरंगको समन्वयमा स्थानीय तहका प्रमुख, प्रदेश सभा सदस्यहरु लगायतका सरोकारबालाहरुको उपस्थितिमा चालु आर्थिक वर्षको बार्षिक कार्यक्रम सार्वजनिक गरिएको छ ।

उक्त कार्यक्रमको समुदघाटन कोशी प्रदेशका जेष्ठ सभा सदस्य एवम् पूर्व उद्योग, कृषि तथा सहकारी राज्यमन्त्री माननीय गयानन्द मण्डल गनगाईले ब्यानर पद्दर गरेका थिए । सोही अवसरमा भने मोरंग जिल्ला कृषि बाहुल क्षेत्र भएको र कोशी प्रदेशको राजधानी भएको जिल्लामा कषि क्षेत्रका बजेट धेरै कम भएको गुनासो गर्दै गड्यौली मल उत्पाद तथा प्राङ्गारिक मल सुधार कार्यक्रममा जोड दिनु पर्ने वताए ।

संघिय सरकार देखि स्थानीय तह सम्म बजेट काट्नु परेमा कृषिकै बजेट काट्ने गरकोमा सरोकार वालाहरुले चिन्ता व्यक्त गरको थिए । कोशी प्रदेशका प्रदेश सभा सदस्य माननीय खड्क बस्नेतले हामी प्रदेश सभामा छौ तर प्रदेशको बजेट कसरी निर्माण गरीन्छ हामीलाई नै पत्तो हुँदैन । अव अगामी दिनमा कृषकको माग अनुसार बजेटको व्यवस्थापन गर्नु पर्ने र त्यसका लागि कृषि ज्ञान केन्द्रका कर्मचारीले समेत ध्यान दिनुपर्ने वताए ।

त्यसैगरी कटहरी गाउँपालिका अध्यक्ष देवराज चौधरीले कृषि पेशको स्तर उकास्न कृषकले नै अगाडी बढ्नु पर्ने वताउँदै कृषककै लागि करौडौ लगानी गरी कटहरीमा बनाएको कृषि बजार त्यसै अलपत्र परेको छ । त्यसलाई सदुपयोग गर्न कटहरी मात्रै नभएर छेउटाउका पालिकाहरुले समेत ध्यान दिनुपर्ने वताए ।

च्याउ खेती गर्ने कृषक बमलाल खवासले भने कार्यक्रममा सबै आए जस्तो देखियो तर कृषकको लागि केही उपलब्धी मुलक छैन । कृषकहरु कृषि ज्ञान कृन्द्रमा ज्ञान लिन जानुको सट्टा बजेट माग्न जानुपर्ने अवस्था छ । कृषकको लागि पालिकाहरुमै घेरै बजेट छ तर स्थानीय जनप्रतिनिधीहरुले कृषिमा लगानी गर्न नचाहेको आरोप लगाए ।

कृषि ज्ञान केन्द मोरंगका निमित्त प्रमुख रामदेव सिंहले २ करोड ५८ लाख ९५ हजार आर्थिक वर्ष २०८०/०८१ को लागि रहको कार्यक्रम सार्वजनिक गरेका थिए । कृषि ज्ञान केन्द्र मोरंगका बालिसंरक्षण अधिकृत रेणु यादवले कार्यक्रममा उपस्थित रहको प्रमुख अतिथी र अतिथीहरुलाई स्वागत गरका थिए ।

उक्त कार्यक्रम जिल्ला समन्वय समितिका सभापति एवम् कार्यक्रमका अध्यक्ष अजम्बर राईको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

## गाँउको...

विकेन्द्रीकरणमा अनियमितता भ्रष्टाचारजस्ता विकृति तथा विसंगति घुसे नागरिकले अत्यन्त दुःख पाउँछन् ।

स्थानीय निकायमा भ्रष्टाचार तथा अनियमितता बढ्नुका थुप्रै कारण छन् । त्यसमध्ये पनि प्रमुख कारण अहिलेको निर्वाचन पद्धति हो । अहिलेको निर्वाचन पद्धतिमा पैसा खर्च नगरी चुनाव जित्न सकिँदैन । ठुलो रकम खर्च गरी चुनावपछि त्यो पैसा असुल गर्न विभिन्न तरिका अपनाई भ्रष्टाचार गर्नुपर्ने बाध्यता देखिएको छ ।

तसर्थ अहिलेको निर्वाचन प्रणालीलाई पूर्ण परिवर्तन गर्नुपर्छ । स्थानीय तहमा थुप्रै भ्रष्टाचार भए पनि केही सकारात्मक काम पनि भएका छन् । संघीय या प्रदेश सरकारसँग होइन, सीधा स्थानीय तहसँगै जनताका आवश्यकता र समस्याको समाधान खोज्न पद्धति बसेको छ । लोकतन्त्र र संघीयता दुवैलाई संस्थागत गर्न र सामाजिकीकरण गर्न उल्लेख्य सफलता हासिल गरेको छ । ( खरेल अर्थ राजनीतिक विश्लेषक हुन् ।) १२खरीबाट

## स्वास्थ्य...

गाउँपालिकाका जनप्रतिनिधी समेतको लापार्वाहीले गर्दा धनपालथानका नागरिकले आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने र आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित रहेको छ ।

स्वास्थ्य चौकी र बर्थिङ सेन्टरमा स्वीपर र कार्यालय सहयोगी गरी जम्मा ९ स्वास्थ्य कर्मी रहेको अवस्थामा किन यस्तो वेहान भन्ने प्रश्नमा कार्यालय प्रमुख यादवले अव्यवस्थीत भएको स्वीकार गर्दै व्यवस्थीत गर्ने भन्दै नेपाल सरकारवाट निशुल्क पाउने औषधी मध्ये ३५/४० प्रकारको औषधी मात्र उपलब्ध रहको त्यसमा पनि नियमित प्रयोगमा आउने सिप्रोफ्लाक्सीन, पारासिटामोल झोल, एमोक्सलिन लगायत १०/१५ किसिमको औषधी गाउँपालिकाले उपलब्ध नगराउँदा औषधी अभाव भएको वताए ।

यस सम्बन्धमा धनपालथान गाउँपालिका उपाध्यक्ष नसिमा वानुसंग बुझ्दा वहाँले भने धनपालथान गाउँपालिका स्वास्थ्य शाखा प्रमुख ऋषिराज सेठ तालिमको सिलशिलामा काठमाण्डौमा रहेको यस सम्वन्धमा तत्काल अनुगमन गरी त्यस्तो पाईए कारवाही गर्ने वताए

## एम्बुलेन्समा...

आधारमा इलाका प्रहरी कार्यालय बुधनगर र अस्थायी प्रहरी पोष्ट भेडियारीबाट खटिएका प्रहरी टोलिले बिराटनगर-१८ स्थित खेतको परालमा लुकाई छिपाई राखेको साढे १६.५ किलोग्राम गाँजा समेत बरामद गरेको छ ।

लागुऔषध गाँजा सहित पक्राउ परेको एम्वुलेन्स तथा चालकको इलाका प्रहरी कार्यालय रानीबाट थप अनुसन्धान भईरहेको छ ।

## फुलपातीसम्म...

कलाकारहरुको सांस्कृती गायत तथा नृत्य प्रस्तुती रहने जतिन तम्रकारले वताए ।

दशै स्ट्रीट फेस्टिबलमा २५ बटा स्टलहरु रहने छ सो स्टलहरुमा नेवारी, साउथ, थारु, मैथली, राजवंशी लगायतको कानाको परिकार उपलब्ध हुने छ । त्यसैगरी सास्कृतीक कार्यक्रम निःशुल्क हुनेछ ।

सडकलाई दशै भाइब्स श्रीङार ले सजाइने छ "प्राय दशैमा काठ्मान्डु लगायत बिदेशबाट स्वादेश आफ्नो घर बिराटनगर आउने महानगर बासीलाई दशै बिशेष खुशीयालीका साथ मनाउने उदेश्यले आयोजक कमेटी तयारीमा जुटेको छ । करीब ३१ लाख खर्च हुने अनुमान गरिएको दशै स्ट्रीट फेस्टिबलको आयोजना मन्जिना मुभिज क्रीएसन/भाजु युवराज फाउन्डेसनले गर्ने छन् भने इभेन्टको जिम्मा भाइरल इभेन्टलाई दिएको पत्रकार सम्मेलनमा तम्रकारले जानकारी गराए ।

## कोशी...

नेतृत्व चयनका लागि आज ११ देखि अपराह्न ४ बजेसम्म मतदान हुनेछ । प्रदेश समितिमा अध्यक्ष, एक उपाध्यक्ष, एक सचिव र दुई उपसचिव निर्वाचित हुनेछन् । एमाले कोशी प्रदेश समिति पदाधिकारी सहित २१५ सदस्यीय हुनेछ ।

NO SMOKING

# लागुऔषध ब्राउन सुगर सहित पाँच पक्राउ



विराटनगर । ठूलो परिमाणको लागुऔषध ब्राउन सुगर सहित दुई स्थानबाट ५ जनालाई पहरीले पक्राउ गरको छ ।

बिराटनगर महानगरपालिका-१५ स्थितबाट प्रहरीले ठुलो परिमाणमा लागुऔषध ब्राउनसुगर बरामद गरेको छ । सोमबार लागुऔषध नियन्त्रण ब्युरो विराटनगरबाट गोप्य सुचनाको आधारमा खटिएको प्रहरीको टोलीले भारतबाट नेपाल तर्फ आउदै गरेका सुनसरीको ईटहरी उप-महानगरपालिका-१२ का ४० बर्षीय शुसिल कुमार साह र चितवन जिल्लाको भरतपुर महानगरपालिका-१ का ३२ बर्षीय राजकुमार श्रेष्ठलाई पक्राउ गरेको थियो ।

उनीहरुको साथबाट ५८ ग्राम ७८ मिलिग्राम प्रतिबन्धित लागुऔषध ब्राउनसुगर र नगद १० हजार रूपैया बरामद गरेको थियो । । लागुऔषध सहित पक्राउ परेका दुबैजनालाई ईलाका प्रहरी कार्यालय रानीबाट थप अनुसन्धान गरिरहेको छ ।

त्यसैगरी झापाको २ छुट्टा छुट्टै स्थानहरुबाट ३ जना लाई प्रहरीले प्रतिबन्धित लागुऔषध सहित पक्राउ गरेको छ । सोमबार विशेष सुचनाका आधारमा ईलाका प्रहरी कार्यालय काँकडभिट्टा र लागुऔषध नियन्त्रण ब्युरो काँकडभिट्टाबाट खटिएको संयुक्त टोलीले भारतबाट नेपाल तर्फ आउदै गरेका मेचीनगर नगरपालिका-६ का २० वर्षीय सुजन बिश्वकर्मालाई पक्राउ गरको थियो । उनको साथबाट एक ग्राम लागुऔषध ब्राउनसुगर बरामद गरिएको थियो । ईलाका प्रहरी कार्यालय झिलझिले झापाको प्रहरी टोलीले झापाको शिवसताक्षी नगरपालिका-११ दुधे स्थित बस काउन्टरबाट प्रदेश १- ०१-०१३ प ६५८१ नम्बरको स्कुटरमा चामलको बोरा भित्र प्लास्टिकले पोको पारी लुकाई छिपाई ल्याएको ९ ग्राम ७ सय ७० मिलिग्राम लागुऔषध ब्राउनसुगर सहित शिवसताक्षी नगरपालिका-१ धरमपुरका २९ वर्षिय साजन राई र ३५ वर्षिय सुन्दर लावतीलाई पक्राउ गरेको थियो ।

लागुऔषध सहित पक्राउ परेका उनिहरुको सम्बन्धित प्रहरी कार्यालयबाट थप अनुसन्धान भइ रहेको छ ।

NO SMOKING


## पशु चौपायालाई लम्पी स्किन रोगबाट बचाऔं

लम्पी स्किन रोगका लक्षणहरु :

- १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने ।
- दानापानी कम खाने र दूद उत्पादन घट्ने ।
- छालामा गिर्खा, गाँठाहरु देखिने, केही समय पछि हराउने वा फुट्ने र किरा औंसा पर्नसक्ने । - नाक, मुख, कल्चौडा र थुनमा घाउ हुने ।
- आँसु, र्‍याल, सिंगान आउने चिप्रा कचेरा लाग्ने ।
- खुट्टा जोर्नि सुनिने । - गोबर तथा पिसाबमा आलो रगत देखिन सक्ने ।

यस्ता लक्षण देखिएमा,

- रोगी पशुलाई अलग्गै राखौं ।
- रोगी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो, सख्खर पानीलगायत झोलिलो पदार्थ र नरम घाँस खुवाऔं ।
- ज्वरो आएको पशुलाई आराम गराऔं ।
- नजिकको पशुचिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ, दि
पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा
सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त गर
संतोष बस्नेत (निर्माण व्यवसायी)
स्वामी नारायण निर्माण सेवा प्रा.लि.
परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी, शुभ दिपावला र छठ
पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा
सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त गर
दिनबन्धु गोयल
समाज सेवी विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८०सालको विजया दशमी, शुभ दिपावला र छठ
पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा
सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त गर
राकेश सुराना (अध्यक्ष)
उद्योग संगठन मोरंग परिवार, विराटनगर


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

क्राईम अपरेशन

## सम्पादकीय

# निर्वाचन लोकतन्त्रको गहना

कुनै पनि मुलुकमा सत्ता संचालनको लागि निर्वाचनको प्रक्रिया अपनाएर आमजनता विना डर भय मतदान गरी प्रतिनिधी छनौट प्रत्रियालाई लोकतान्त्रिक प्रक्रिया भनिन्छ। मुलुकमा निर्वाचन हुनु लोकतन्त्रको गहना हो। जुन मुलुकमा निर्वाचन हुन्दैन त्यो मुलुकमा लोकतन्त्र हुदैन। कुनै पनि निर्वाचन हुनु पूर्व निर्वाचनमा उम्मेदवारी दिने प्रतिनिधीहरुलाई सहमतीमा ल्याएर सर्वसम्मत गराउनु जहिले पनि जुन निर्वाचनमा पनि यो प्रक्रिया अपनाईन्छ। अहिले नेकपा एमाले कोशी प्रदेशको प्रथम प्रदेश अधिवेशनमा नेतृत्व चयन गर्ने प्रक्रिया शुरु भएको छ। एमाले केन्द्रीय सदस्य विनोद ढकाल, घनश्याम खतिवडा, वर्तमान प्रदेश अध्यक्ष तुलसीप्रसाद न्यौपाने र उपाध्यक्ष टीकाराम चेम्जोङ आकांक्षी रहकोमा खतिवडा र ढकालको प्रतिस्पर्धा हुने भएको छ।

नेकपा एमाले कोशी प्रदेशको विराटनगरमा दुई दिनसम्म चल्ने प्रदेश अधिवेशनका लागि प्रदेशका १४ वटै जिल्ला र जनसंगठनबाट प्रतिनिधि छनोट भइ अधिवेशनका लागि प्रदेश भरबाट एक हजार ४७ प्रतिनिधि छनोट भएका छन्। अधिवेशनमा भूगोलबाट ९६२ जना, युवाबाट ५३, मजदुरबाट ३२ जना र ३३४ जना महिला प्रतिनिधि छनोट भएका छन्। प्रदेश समितिमा अध्यक्ष, एक उपाध्यक्ष, एक सचिव र दुई उपसचिव निर्वाचित हुनेछन्। एमाले कोशी प्रदेश समिति पदाधिकारी सहित २१५ सदस्यी कमेटी हुनेछ।

निर्वाचनवाट आउने नयाँ समितिले कोशी प्रदेशको राजनितीलाई नयाँ मोड दिने छ। प्रदेश अधिवेशामा निर्वाचण प्रक्रियाद्धारा छनौट हुने भएकोले हारजितलाई स्वभाविक मानेर एकता वद्धभएर अगाडी बड्नुको विकल्प छैन। निर्वाचणलाई लोकतान्त्रि प्रक्रिया सम्फेर निर्वाचणवाट आउने साथीहरु वा निर्वाचनमा पराजय हुने साथीहरुले गुटउपगुट नसम्फी एक ढिक्का भएर अगाडी बढ्नुपर्छ। नेकपा एपालेको प्रथम कोशी प्रदेश अधिवेशनले आफ्नो लागि मात्र नभएर अन्य पार्टीको लागि पनि उदाहरणी बनेर देखाउनु पर्छ।

# गाउँको सिंहदरबारमा कसरी मौलायो भ्रष्टाचार ?

**नन्दलाल खरेल**

सुशासन बोकेर नथाक्ने गाउँका सिंहदरबारहरूमा भ्रष्टाचार को ब्यारोमिटर उत्कर्षमा छ। स्थानीय सरकार जनताको घरदैलोको सरकार हो। स्थानीय सरकारलाई गाउँको सिंहदरबार पनि भन्ने गरिन्छ। गाउँका सिंहदरबारहरूमा बसोबास गर्ने नागरिकमा सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नु स्थानीय सरकारको दायित्व हो। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न, स्थानीय नेतृत्वको विकास गर्दै अगाडि बढाउनुपर्ने हो तर स्थानीय सिंहदरबारका नाइके नै स्थानीय अभ्यासको मर्मभन्दा भ्रष्टाचारमा लिप्त देखिएका छन्। अख्तियारले २०७९ असोजमा राष्ट्रपतिलाई बुझाएको पछिल्लो वार्षिक प्रतिवेदन अनुसार संघ, प्रदेश र स्थानीय तहमध्ये स्थानीय तहको उजुरी सबैभन्दा धेरै छन्। प्रतिवेदन अनुसार, ४७ प्रतिशत उजुरी स्थानीय तहसँग सम्बन्धित छन्।

सुशासनको आँखीझ्यालबाट गाउँका सिंहदरबार (स्थानीय तह)लाई हेर्दा संघीय सरकारलाई समेत पछि पारेको देखिन्छ। संविधानले संघ, प्रदेश र स्थानीय तहलाई प्रदान गरेको एकल अधिकारको अभ्यास गर्न तीन तहका सरकार स्वायत्त छन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य प्रचलित कानुनले स्थानीय सरकारलाई कानुन बनाउने, कार्यान्वयन गर्ने र न्यायिक समितिमार्फत विवाद निरूपण गर्ने अधिकार प्रदान गरेको छ। त्यस्तै, आर्थिक अधिकार सम्बन्धी कानुन बनाउने, वार्षिक बजेट बनाउने, नीति तथा योजना बनाउने र त्यसको कार्यान्वयन गर्ने अधिकारका साथै सिफारिस र प्रमाणीकरणको अधिकार स्थानीय तहलाई छ। यद्यपि सुशासन कायम गर्ने र सेवालाई प्रभावकारी बनाउनेभन्दा स्थानीय तहका नेतृत्व आफू अनुकूल प्रशासन चलाएर आर्थिक अपचलन गर्नेतर्फ लागेका छन्।

मुलुकले स्थानीय सरकार को अभ्यास गरेको ६ वर्ष नाघिसकेको छ। यद्यपि स्थानीय स्तरमा चरम वित्तीय अनुशासनहीनता देखिएको छ। संघले खटाएका कर्मचारीलाई हाजिर नगराउने, वरिष्ठता र सक्षमलाई पाखा लगाएर जिम्मेवारी दिने प्रवृत्ति छ। लोकसेवा आयोगलाई धोती लगाएर राजनीतिक नेतृत्वको इसारामा करारमा कर्मचारी भर्ना गर्ने काम बढेको छ। जनप्रतिनिधिले जनताको सेवा र सुविधाभन्दा पनि आफ्नो सेवा-सुविधा वृद्धि गरेको पाइएको छ। विकासका प्राथमिकताहरू किटान गरिएका छैनन्। नातावाद, कृपावाद र भ्रष्टाचार मौलाउँदो छ। हिजो सिंहदरबार वरिपरि मात्र बढी भ्रष्टाचार हुन्थ्यो भने आज गाउँका सिंहदरबारसम्म दलाल, माफिया र तस्करको रजगज छ। कतिपय तिनै व्यक्तिहरू शक्ति र धनको बलमा जनप्रतिनिधिको रूपमा चुनिएका छन्। उनीहरूको ध्यान विकासभन्दा पनि भ्रष्टाचार गरी कसरी अकुत आर्जन गर्ने भन्ने छ।

महालेखा परीक्षकको प्रतिवेदन हेर्दा यस वर्ष मात्र ४२ अब बेरुजु थपिएको छ। अहिलेसम्म स्थानीय तहको बेरुजु चार खर्बभन्दा बढी छ। बेरुजु बढ्नुमा कतिपयले कर्मचारीमाथि दोषारोपण गर्दै आएका छन्, कतिले राजनीतिक नेतृत्वमाथि।

नेपाल सरकार मन्त्रीपरिषद द्धारा २०७४ जेठ १७ मा जारी गरिएको स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ जारी भएको छ। जस अनुसार स्थानीय तहले विभिन्न अधिकार स्वयं प्रयोग गर्न पाउँछन्। नयाँ संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न बनायो। स्थानीय तहमा अधिकार आएसँगै दुरुपयोग गर्ने काम पनि उत्तिकै छ। वडाध्यक्षदेखि पालिका अध्यक्षसम्मले आफन्तहरूको नाममा डोजर र एक्साभेटर किनेका छन्। विकासका नाममा उनीहरू आफैँले ठेक्कापट्टा लिँदा भ्रष्टाचार मौलाउँदै गएको छ। उनीहरूले आफूलाई सर्वेसर्वा ठान्ने र कानुनको छिद्रहरू प्रयोग गरी गलत फाइदा उठाउने काम बढेको छ। जनप्रतिनिधि आफैँ निर्माण व्यवसायीको रूपमा प्रस्तुत हुँदा थप समस्या देखिएको हो।

आर्थिक अपारदर्शिताका कारण स्थानीय तहमा आधा दशक वर्षको महालेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदन हेर्दा बेरुजु रकमको ब्यारोमिटर उत्कर्ष देखिन्छ, अर्थात् यो प्रत्येक वर्ष घट्नेभन्दा बढ्ने कम बढी छ। महालेखा परीक्षकको प्रतिवेदन हेर्दा यस वर्ष मात्र ४२ अब बेरुजु थपिएको छ। अहिलेसम्म स्थानीय तहको बेरुजु चार खर्बभन्दा बढी छ। बेरुजु बढ्नुमा कतिपयले कर्मचारीमाथि दोषारोपण गर्दै आएका छन्, कतिले राजनीतिक नेतृत्वमाथि। जसले जे भने पनि यी दुवैको मिलीभगतले नै बेरुजु बढ्ने गरेको हो। बेरुजु बढ्नुमा अर्को कारण निर्णय र कार्यान्वयन प्रक्रियामै त्रुटि पनि देखिन्छ। निर्णय गर्ने र कर्मचारीलाई कार्यान्वयनका लागि दबाब दिँदा यो अवस्था सिर्जना भएको हो।

स्थानीय तहमा भ्रष्टाचार बढ्नुमा निर्वाचित जनप्रतिनिधिले सार्वजनिक खरिद ऐनविपरीत मनोमानी गरेकाले पनि हो। अख्तियारले अहिले आफूले हेरिरहेका स्थानीय तहका धेरै मुद्दामा सार्वजनिक खरिद ऐनलाई लत्त्याएर काम गरेको पाइएको जनाएको छ। वितरणमुखी कार्यक्रम सञ्चालन गर्दा निर्माणका काम सोही आर्थिक वर्षमा सम्पन्न नगरी पेस्की राख्ने प्रचलन बढ्दा पनि स्थानीय निकायमा भ्रष्टाचार बढेको छ। स्थानीय तहमा स्वरोजगार कार्यक्रमअन्तर्गत आवश्यक युवा छनोट गरी कार्यक्रम सञ्चालन गरिँदैन, कार्यालयको स्वीकृत दरबन्दीभन्दा बढी करार ज्यालादारीका कर्मचारी राखिन्छ। यसको अन्त्य कहिले र कसरी हुने हो यसै भन्न नसकिने अवस्था छ।

प्रतिस्पर्धात्मक वित्तीय विकेन्द्रीकरणको अभावमा पनि स्थानीय तहमा आर्थिक अनियमितता बढेको छ। स्थानीय तहमा पर्याप्त मात्रामा काममा प्रतिस्पर्धा गर्ने व्यक्ति वा फर्म तयार छैनन्। राजनीतिक सहमतिका नाममा भागबन्डा गरेर बजेट दुरुपयोग हुने गर्छ। स्वास्थ्य, शिक्षा र रोजगारी नागरिकको प्राथमिकता रहे पनि 'कमिसन'को लोभमा अनुत्पादक क्षेत्र (भ्युटावर, पार्क, भवन निर्माण लगायत)मा बजेट खन्याइरहेका छन्। सामाजिक सुरक्षा भत्ता वितरणमा बैंकिङ प्रणाली अपनाउने भनिए पनि त्यसको दुरुपयोग भएको छ।

संविधानको अनुसूची ८ ले स्थानीय तहलाई २२ किसिमका एकल अधिकार दिएको छ भने अनुसूची ९ ले तिनै तहका सरकार बीचमा १५ वटा साझा अधिकार सूचीकृत गरेको छ। स्थानीय तहका आन्तरिक स्रोतका दायरा बढेका छन्। संघीय तथा प्रादेशिक सरकारबाट स्थानीय तहमा विनियोजन हुने सशर्त तथा निशर्त अनुदानमा पनि उल्लेख्य वृद्धि भएको छ। राजनीतिक अधिकार, विकेन्द्रीकरण लोकतन्त्रको सर्वाधिक सुन्दर पक्ष हो। उच्च तहको विकेन्द्रीकरण स्थानीय नागरिकले घरदैलोमा सेवा पाउँछन् तर

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) **:सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# विश्व शान्तिदुत प्रेम रावत

अनिता कोइराला

डिसेम्बर १०, १९५७ कनखल हरिद्वारमा श्री हंसजी महाराज र राज राजेश्वरी देवीको आँगनमा एक अद्भूत बालकको जन्म भएको थियो ।

प्रेमपाल सिंह रावतको नामबाट हुर्किएका ती प्रबुद्ध पुरुष आज विश्वशान्ति दूतको उपाधिले सुविख्यात हुनुहुन्छ विश्वभर ।

प्रेम रावतलाई वहाँका अनुयायीहरूले महाराज जीको विशेषणबाट पनि सम्बोधन गर्छन् । आज विश्वको कुनाकुनामा शान्ति सम्भव छ भन्ने गुन्जन फैल्याउन प्रेम रावत लागिपर्नु भएको छ । आफ्ना गुरु श्री हंसजी महाराजको इच्छा बमोजिम विश्वमाझ शान्तिको सन्देशलाई लैजाने दायित्व सानै उमेरदेखि वहन गर्दै आउनु भएको हो ।

प्रत्येक मानवको हृदयमा प्रेम, आनन्द, शान्ति र सद्भावको बिज रोप्दै मानव जीवनलाई सफल पार्न सहयोग गर्नु वहाँको जीवनको परम लक्ष्य हो ।

प्रेम रावत निरन्तर अगाडि बढिरहनु भएको छ शान्तिको सन्देशलाई जनजनसम्म पुर्याउन । जैविक रुपले चार सन्तानका पिता भए पनि लाखौं लाखले वहाँलाई आफ्नो पिता मानेका छन्, मार्गदर्शक ठानेका छन् । वहाँको मार्गदर्शनमा जसले हिँड्दै ज्ञानरूपि अमूल्य सम्पत्ति पाएका छन् ती आत्मनहरूले जीवनलाई धन्य बनाएका छन् । महाराजजीको प्रेरणाबाट आल्लादित हुने प्रेमीहरूको सङ्ख्या विश्वभर उल्लेख्य छ ।

ज्ञान सर्वव्यापी सम्पत्ति हो । ज्ञानलाई कुनै धर्म, जाति, लिङ्ग, समाज, सम्प्रदाय र भूगोलले बाँधेर राख्न सक्दैन । नौ वर्षको उमेरदेखि आत्मज्ञानको ज्योति बोकेर मानव जातिको कल्याण हेतु विश्व यात्रामा अहोरात्र हिँडिरहनु भएका रावतलाई जन्म दिनको अशेष शुभकामना ।

वहाँको सन्देश निकै सरल र उपयोगी छन् ।

शान्ति सम्भव छ । शान्ति आफैँभित्र छ । अरुलाई परिवर्तन गर्न असम्भव छ । आफूलाई परिवर्तन गर्न मात्र सम्भव छ । परिवर्तनको सुरुवात आफूबाट गरौं, विश्वमा शान्ति अवश्य हुन्छ । कति मीठो र जीवन्त छ सन्देश ।

आफ्नो गुरु श्री हंशजी महाराजको इच्छाबमोजिम तीन वर्षको उमेरमा लाखौंलाख स्रोताहरूले खचाखच भरिएको सभालाई सम्बोधन गर्नु भएको थियो दिल्ली गेटमा, जुन सत्सङ्ग चमत्कारभन्दा कम थिएन । त्यसैले वहाँलाई बाल योगेश्वर पनि भनिन्छ ।

नकारात्मक सोचले ग्रसित समूहले वहाँलाई शङ्काको दृष्टिकोणबाट पनि मूल्याङ्कन नगरेका होइनन् । तर आफ्नो लक्ष्य ,उद्देश्य र गन्तव्यलाई अग्रपङ्क्तिमा राखेर निरन्तर अगाडि बढिरहँदा आजको दिनसम्म आउन सक्नु सत्यको विजय हो ।

६३ वर्षदेखि शान्तिको सन्देशलाई विश्वव्यापी बनाउन कटिबद्ध हुँदै आफ्नो उद्देश्यबाट कहिल्यै विचलित हुनुभएन । बाध र चुनौतीहरूको बाढी नआएको होइन वहाँको जीवनमा तर दृढ संकल्पको अगाडि साना मसिना चुनौतीहरू आफैँ सेलाएर जाँदा रहेछन् भन्ने मान्यतालाई स्थापित गरिदिनु भयो छ प्रेम रावतले ।

आज जस्तो प्रविधिको विकास थिएन त्यो बेला । साधन र स्रोतको सीमा थियो तर पनि आफ्नो कामलाई गन्तव्यमा पुर्‍याउन सफल हुनुभयो। आज विश्वविद्यालयदेखि भ्यालखानासम्म वहाँको सन्देशलाई सुन्नेहरूको सङ्ख्या अत्यधिक छ । विश्वका कयौं जेलहरूमा उभबअभ

बांकी ४ पेजमा...

## विराटनगरका मेयर कोइराला अमेरीका प्रस्तान

विराटनगर । विराटनगर महानगरपालिकाका मेयर नागेश कोइराला संयुक्त राज्य अमेरिका प्रस्थान गर्नुभएको छ ।

असोज १३ गतेदेखि अमेरिकाको टेक्सासमा हुने सेमिनारमा सहभागी हुनका लागि मेयर कोइराला मंगलबार अमेरिका प्रस्थान गर्नुभएको हो ।

नेपाल नगरपालिका संघको समन्वयमा संयुक्त राज्य अमेरिकास्थित स्थानीय सरकारको व्यावसायिक विकास र सबलीकरणको क्षेत्रमा कार्य गर्ने संस्था इन्टरनेशनल सिटी म्यानेजमेन्ट एसोसिएसन (आइसीएमए) को आयोजनामा हुने सेमिनारमा नेपालबाट मेयर कोइरालाले सहभागिता जनाउनु हुनेछ । सेमिनारमा करिब ४० देशका स्थानीय सरकारका प्रमुख र प्रतिनिधिहरुको सहभागिता रहने जनाइएको छ ।

सेमिनारमा स्थानीय सरकारका समसामयिक विषय तथा मुद्दाहरुमाथि छलफल हुनेछ । सेमिनारमा मेयर कोइरालाले नेपालको स्थानीय सरकार सञ्चालनका समस्या, चुनौती र अवसरका विषयमा आफ्नो धारणा राख्ने कार्यक्रम रहेको मेयर कोइरालाका प्रेस सल्लाहकार मीनकुमार नवोदितले जानकारी गराए ।

मेयर कोइराला अमेरिकामा बसोबास गर्ने नेपाली समुदायले गर्ने विभिन्न कार्यक्रममा समेत सहभागिता जनाउने कार्यतालिका रहेको छ । न्यूयोर्क सिटी र वासिङ्टन डिसीका मेयरसित भेटघाटको कार्यक्रम तय भएको मेयर कोइरालाका प्रेस सल्लाहकार नवोदितले जानकारी गराए । साथै नेपाली समुदायहरुसित छलफल गरी विराटनगरमा लगानी भित्रियाउनका लागिसमेत मेयर कोइरालाले पहल गर्नुहुनेछ ।

मेयर कोइरालालाई उपमेयर शिल्पा निराला कार्कीले खादा लगाएर विदाई गरेका थिए ।

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
विवेक मालपानी
उद्योगी, व्यवसायी विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
रमेश मिश्रा(प्रमुख)
डि.ए.भी स्कुल परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
नरेश राठी
उद्योगी व्यवासयी, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
नन्द किशोर राठी
उद्योगी व्यवसायी विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
वैद्य परमेश्वर मुर्मु
जगदम्बा जडीबुटी सेन्टर परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
राजन खत्री(प्रमुख)
विराट हेल्थ कलेज परिवार, विराटनगर

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक

## विश्व...

भमगअबतष्यल ले आज निकै प्रभाव पारेको छ । कैदीहरूमा रुपान्तरण आएको अनुसन्धानले देखाएको छ ।

प्रेम रावत भन्नु हुन्छ -"मान्छेले जुन कुराको बढी अभ्यास गर्छ" त्यही कुरामा ऊ माहिर हुन्छ । ऊ त्यो काम गर्न सक्षम हुन्छ । बास्तवमा यो कुरा मननयोग्य छ । हामी आफैँलाई एक चोटि हेरौँ त ! कति चाँडो रिसाउने गर्छौं । सानो कुरामा दुः खी हुन्छौँ, झनक्क रिस उठ्छ, छिटै आवेशमा आउने गर्छौं । प्रतिक्रिया त यति चाँडै दिने गर्छौं कि कुरै नगरौँ । यो सबै हाम्रो अभ्यासले गर्दा भएको हो ।

हामी अशान्त हुन निकै अभ्यस्त छौं त्यसैले गाह्रो हुन्छ हामीलाई शान्त रहन । अशान्त भैहाल्ने बानी परेको छ । शान्तिको अभ्यास हामीबाट कोसौँ दूर छ । हामीले शान्तिलाई स्वागत नै गरेका छैनौँ । शान्तिलाई आफ्नो दैनिकी बनाएका छैनौँ । आफूभित्रको परम शान्तिलाई हेर्ने, बुझ्ने र अनुभव गर्ने अभ्यास नै गरेका छैनौँ अनि हामी कसरी शान्त हुन सक्छौँ ? अशान्त बन्न मेहनत गर्नु पर्दैन तर शान्त बस्न मेहनत गर्नु पर्छ । अशान्ति त्यो गन्दे झार हो जो बिना परिश्रम उम्रन्छ तर शान्ति त्यो मिठो फल हो जुन उब्जाउन परिश्रम गर्नु पर्छ ।

प्रेम रावतको सन्देशमा यिनै कुराहरू व्यापक छन् । प्रेम रावत भन्नु हुन्छ चौबीस घन्टामा एक घन्टा शान्तिको अभ्यास गर, बाँकी तेइस घन्टा तिम्रो सुखद हुन्छ बाँच्छ तर हामी एक घन्टा पनि आफ्नो लागि छुट्टाउन सक्दैनौँ । हामी कति अटेरी छौँ त्यसैले त दुखी छौँ , अभावमा छौँ । सम्पन्न भएर पनि भिखारी भएका छौँ । यदि शान्तिलाई जीवनको एक अङ्ग बनाउने हो भने हामी सम्राट हुनेछौँ । परिस्थिति जस्तोसुकै होस् यदि हाम्रो मनस्थिति शान्त छ भने आनन्द र प्रेमको वर्षात् हुनेछ । हाम्रो जीवन सफल हुनेछ ।

प्रेम रावतलाई सुन्दै जाँदा शान्ति वास्तवमै सम्भव छ । मात्र अभ्यास गर्न जरुरी छ । शान्ति प्राप्त गर्न घर छोडेर हिँड्नु पर्दैन । पहाड फोड्नु जानू पर्दैन । आफूभित्र आफैँले हेर्ने, सुन्ने, अनि आन्तरिक शक्तिलाई महसुस गर्ने र आनन्दलाई चाख्ने अभ्यास गर्नु पर्छ ।

मुक्ति र निर्वाण मानव शरीरमै सम्भव छ भन्ने सन्देशलाई अनुशरण गर्न सक्दा जीवन उत्सव बन्ने छ ।

आफूलाई शान्त राख्न उपद्रव गर्नुभन्दा स्थिर बसेर आफूलाई नियाल्दा प्रभावकारी हुने रहेछ ।

हामीले हाम्रा विचार ,व्यवहार र विशेषतालाई हेर्ने बानीको विकास गरौँ । नकारात्मक सोचलाई नजरअन्दाज गरौँ। सकारात्मक सोचलाई सकारात्मक काममा लगाउने गरौँ । शान्ति आजको माग हो । शान्ति प्रत्येक मानवको खोज हो, चाहना हो, सपना हो र सम्पत्ति हो तर गलत मार्गमा हिँडेर शाश्वत शान्ति प्राप्त हुँदैन ।

आजको मानव भौंतारिएको छ , तनावग्रस्त छ, पीडामा छ । गन्तव्यविहीन भएर उकुसमुकुस छ । विराटताको बोध नभएर दीनहीन छ । छातीमा गङ्गा बोकेर प्यासी छ । खाँचो छ त्यो उज्यालोको । खाँचो छ आफूलाई हेर्ने ज्ञानरूपी ऐनाको । त्यो पनि सम्भव छ । आफूलाई जान्ने कोसिस गरौँ । खोज गरौँ । शान्ति सम्भव छ । सम्पर्क जरुरी छ ।

तनाव र अशान्तिले आक्रान्त मन निकै बिषाक्त हुन्छ । अशान्त मनले ग्रसित मानवबाट मानवतालाई मानवले नै मारिरहेका छन्। यदि मानव विकासको आयामलाई सार्थक बनाउने हो भने ? दीगो विकासको समाजशास्त्रलाई पूर्णता दिने हो भने विद्यालय तह देखिनै उभबअभ भमगअबतष्यल अनिवार्य गर्न आवश्यक छ । बुढेसकालमा गएर तनाव व्यवस्थापन गर्ने शिक्षा ग्रहण गर्नुभन्दा बालमस्तिष्कमा नै शान्तिको सन्देश सम्प्रेषण गर्नु हाम्रो परमकर्तव्य हो । शान्तिको सन्देश सबै धर्म, संस्कृति ,समाज र सम्प्रदायको मेरुदण्ड हो । जहाँ शान्ति छ त्यहाँ सम्भावना छ, सन्तुलन छ, स्वास्थ्य छ , समृद्धि छ ।

शान्ति सम्भव छ ! शान्ति सम्भव छ !




## हैदरावादी विरियानी विराटनगरमा

विराटनगर । भारतको हैदरावादी बिरयानीको स्वाद विराटनगर महानगरपालिका वडा नं. ६ सरौंचिया बुद्धचौकमा रहेको नाईस बिरयानीमा विराटनगरबासीले पाउने भएको छ ।

भारतको हैदरावादमा उत्पत्ति भएको बिरयानीको एक प्रकार हो । यो चामलबाट खाना पकाउने दम विधिको प्रयोग गरी तयार गरीन्छ । सोही विधीवाट बिरयानी बनाई विराटनगरबासी लगायत यहाँ आउने आम उपभोक्ताले वास्तविक हैदरावादी बिरयानीको स्वाद पाउने कुरा नाईस बिरयानीका मेनेजमेन्ट डाइरेक्टर समिम सिद्धिकीले दावी गरेको छ ।

सिद्धिकीका अनुसार करिब २५ देखि ३० लाखको लगानीमा सुरु गरेको बिरयानी हाउसमा मटन बिरयानी, चिकेन बिरयानी, फिस बिरयानी, मासु-चिउरा, भजे बिरयानी, लस्सी र मिल्क सेकका प्रकारहरु हुने छ । यहाँ उपलब्ध हुने परिकारहरु स्वदेशी तथा विदेशी सामग्री प्रयोग गर्नुका साथै बिरयानी पकाउने कुक समेत हाललाई भारतवाट झिकाएको छ । विस्तारै विस्तार स्वदेशी जनशक्ति तयार गरी स्वदेशकै युवाहरुलाई रोजगारी दिने वताए ।

नाईस बिरयानी संचालक तीन जना दाजुभाई ममताज आलम, इम्तीयाज आलम र इम्राम आलम २२ वर्ष देखि कतारमा गोर्खाली रेष्टुरेन्ट र दिलवाले रेष्टुरेन्ट संचालन गरी रहेका छन् । उनीहरुका चाहना अनुसार आफ्नै देशमा केही गरौ जसले रोजगारीको सृजना गरोस र वास्तवी स्वाद पनि पाओस भनेर नाईस बिरयानी संचालनमा ल्याएको सिद्धिकीको भनाई छ ।

स्वदेशी तथा विदेश सामग्री प्रयोग गरी सस्तोमा विदेशी तरीकाबाट बिरयानी बनाएर विराटनगर लगायत छिमेकी जिल्ला सुनसरी र झापाका उपभोक्तालाई वास्तविक बिरयानीको स्वाद दिलाई संन्तुष्टी दिलाउने लक्ष्यको साथ नाईस बिरयानी संचालनमा ल्याएको छ ।

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
संतोष चौधरी
उद्योगी,व्यवसाय विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
राजु गोयल
गोयल हार्डवेयर परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
लाईफ गार्ड हस्पिटल परिवार
विराटनगर, बरगाछी

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
AARYA NEURO HOSPITAL
KANCHANBARI, BIRATNAGAR–2

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
कार्यालय प्रमुख
विराटनगर दुग्ध वितरण आयोजना परिवार

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी, शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
NEURO CARDIO MULTISPECIALITY
HOSPITAL PVT. LTD. BIRATNAGAR

# विदेश पलायन हुनबाट यूवाहरूलाई रोक्न रोजगारीको सृजना गर्ने प्रतिवद्धता



नेपाल उद्योग परिसंघ कोशी प्रदेशका नव निर्वाचित पदाधिकारीहरु सामूहिक तस्वीरमा ।

विराटनगर । नेपाल उद्योग परिसंघ कोशी प्रदेशको नव निर्वाचित अध्यक्ष पवन कुमार सारडाले औद्योगिक लगानीको वातावरण सृजना गरी विदेश पलायन हुनबाट यूवाहरुलाई रोक्नुका साथै विदेश पलायन भईसकेका यूवाहरुलाई स्वदेश फिर्ता ल्याउने प्रतिवद्धता जनाएको छ ।

तेस्रो बार्षिक सभा र निर्वाचनबाट परिसंघको अगामी कार्यकालका लागि सर्वसम्मत रुपमा निर्वाचित नयाँ नेतृत्व र बोर्ड सदस्यहरुको जानकारी गराउने उदेश्यले संघकै कार्यालयमा भएको पत्रकार भेटघाट कार्यक्रममा सो कुरा वताएको हो ।

वहांले उद्योग परिसंघले स्थापना कालदेखि नै स्वदेशी बस्तुको प्रयोग र आयात भन्दा निर्यातमा जोड दिदै आएको छ । हाम्रो सामान, हाम्रै स्वाभिमानको नारालाई आत्मसाथ गरी अगाडी बढ्ने वताए ।

सारडाको अध्यक्षतामा चयन भएको नयाँ वरिष्ठ उपाध्यक्ष प्रकाश मुन्दडा, उपध्यक्षमा क्रमश नवल किशोर कावरा, सुशील कुमार जोशी, कृष्ण कुमार अग्रवाल, दिपक पौडेल, देवेन्द्र गुप्ता रहेका छन् । त्यसैगरी महिला उपाध्यक्षमा गिरीजा सारडा, मानार्थ उपाध्यक्षमा क्रमश रमेश राठी, गिरिश लुनिया, धनश्याम कावरा र कोषध्यक्षमा साकेश राठी चयन भएको छ ।

कार्यसमिति सदस्यहरुमा राजेन्द्र राठी, बेदान्त जाजु, कर्ण रायमाझी, डेनिस कार्की, दिवश सुवेदी, मधुर दुगड, रिसव दाहाल, मुकेश कोठारी, जितेन्द्र कुमार राठी, अविद अली अंसारी, अजिता बराल, पुनित पौडेल, हरिवंश राठी, सन्नी अग्रवाल, पवन पारख, दिवाकर राठी र अजय राठी चयन भएका छन् ।

परिसंघ कोशी प्रदेशको परिषद सदस्यहरुमा राजन भगत, रिता ढकाल, महेश पौडेल, अनुप सिग्देल, सन्जीव सिग्देल, अमित सिंघल, रजत तोदी, निखिल तोदी, प्रशान्त तातेड र भवेश राठी रहेका छन् । परिसंघको प्रमुख सल्लाहकारमा महेश जाजु, सलहकार के गभर्निङ काउन्सील सदस्यमा बासुदेव गोलियान, सल्लाहाकार सुशिल धनावत, सल्लाहाकार अन्तराष्ट्रिय सम्बन्ध सन्तोष रिजाल, सल्लाहाकार शंकरलाल ग्रवाल र श्रीनिवास सारडा राखिएका छन् ।

परिसंघको साधारण सभाले संरक्षण तथा भवन निर्माण समितिको संयोजकमा परिसंघका अध्यक्ष पवन कुमार सारडा, विशिष्ठ सदस्यमा मोती दुगड, सदस्यहरुमा विकास दुगड, शिव प्रसाद घिमिरे, महेश सोनी, बिशाल अग्रवाल रहका छन् । त्यसैगरी आर्थिक समितिको सल्लाहकारमा डा. भेषप्रसाद धमला, चार्टर एकाउण्टेण्ट अस्विनी बंशललाई चयन भएका छन् । कानुनी सल्लाहाकारमा अधिवक्ता भरतबहादुर थापा, विनोद तिम्सिनालाई चयन भएको छ ।

यसअघि नेपाल उद्योग परिसंघ कोशी प्रदेशको अध्यक्ष रहेका भीम घिमिरेले अध्यक्षको पद हस्तान्तरण गरेका छन् । घिमिरेले परिसंघको केन्द्रिय उपाध्यक्षको पद सम्हाली रहँदा ३ महिना भित्र कोशी प्रदेश समितिको अध्यक्षको पद हस्तान्तरण गर्ने घोषणा गरेका थिए । एक व्यक्ति दुई पदमा बसिरहनु नहुने बिचारलाई आत्मसाथ गर्दै घिमिरेले आफ्नो कार्यकालको १ वर्ष वाँकी रहेकै अवस्थामा साधारण सभा गरी नयाँ कार्यसमित चयन गरी जिम्मेवारी हस्तान्तरण गरका हुन् ।

## स्वास्थ्य

### मुटुका लागि हरियो सागपात अत्यन्त उपयोगी

मुटुका लागि हरियो सागपात अत्यन्त उपयोगी हुन्छ । रायोको साग, तोरीको साग, मुलाको सागलगायत हरियो तरकारीले मुटुलाई स्वस्थ राख्नबाट मात्र होइन, क्यान्सरको खतराबाट पनि बचाउँछ। यस्ता सागपातमा बोसो, क्यालोरी अत्यन्त कम हुन्छ, फाइबर अत्यन्त धेरै हुन्छ। त्यस्तै, फोलिक एसिड, म्याग्नेसियम, क्याल्सियम, पोटासियम पनि हुने भएकाले मुटुलाई स्वस्थ राख्न सागपात धेरै खानुपर्छ। दैनिक सागपात खानाले मुटुको समस्या हुने सम्भावना ११ प्रतिशतले घट्छ ।

**गहुँ, जौ र दाल**

गहुँबाट बन्ने खानाका परिकार तथा जौबाट बनाइने 'ओट्स' मुटुका लागि अत्यन्त स्वास्थ्यवर्द्धक हुन्छ। यस्ता खानेकुरा खानाले शरीरमा भएको एलडिएल (खराब कोलेस्ट्रोल) हट्छ। ब्रेकफास्टमा यस्ता खानेकुरा खाँदा मुटुका समस्याबाट बच्न सकिन्छ। त्यस्तै कोदो, मासको दाललगायतका खानेकुराले पनि ब्लड प्रेसर घटाउन सहयोग गर्छ ।

**सोयाबिन**

रातो मासुको सट्टा सोयाबिनको सेवन गर्नाले हाम्रो शरीरले धेरै फाइदा पाउँछ । सोयाबिन विभिन्न तरिकामा अहिले बजारमा सहजै पाइन्छन् । शरीरको बोसो पगाल्न पनि यसले सहयोग गर्छ ।

**ओलिभको तेल**

मुटु स्वस्थ राख्न ओलिभको तेलले पनि सहयोग गर्छ। शरीरबाट एलडिएल हटाउन यसले ठूलो भूमिका खेल्छ । 'मनोअनस्याचुरेटेड' बोसो हुने भएकाले मुटुलाई ओलिभको तेलले स्वस्थ राख्न सहयोग गर्छ ।

**गोलभैंडा**

गोलभैंडा भिटामिनको अत्यन्त राम्रो स्रोत हो र यसले रगतलाई शुद्ध बनाउने काम गर्छ । गोलभैंडाको नियमित सेवनले मुटु समस्याको जोखिमलाई घटाउँछ । गोलभैंडामा हुने भिटामिन 'के'का कारण 'हेमोरेज' हुने सम्भावना पनि अत्यन्त कम हुन्छ । गोलभैंडा काँचै तथा पकाएर जसरी पनि खान सकिन्छ ।

**स्याउ**

स्याउ दैनिक एउटा स्याउ खानाले चिकित्सककहाँ जानुपर्दैन भन्ने त भनाइ नै छ। मुटुको स्वास्थ्यका लागि पनि त्यति नै आवश्यक छ । रगत जम्नबाट रोक्ने भएकाले दैनिक स्याउ खानाले धेरै फाइदा पुग्छ । स्याउ जुनसुकै समयमा खाँदा पनि मुटुका लागि राम्रो हुन्छ । अन्य फलफूल एजेन्सी




हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
सुरक्षा अस्पताल प्रा.लि. परिवार
विरेन्द्र सभागृह अगाडी, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
सगरमाथा उच्च माध्यमिक विद्यालय परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
पूर्वाञ्चल जल उद्योग
परिवार शान्ति चौक, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
मेरील्याण्ड कलेज परिवार
रंगेली रोड, विराटनगर